# कावासोती नगरपालिकाको विनियोजन ऐन २०७६

## कावासोती नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** कावासोती नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कावासोती नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)** यस ऐनको नाम "कावासोती नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोष बाट रकम खर्च गर्ने अधिकार**ः (१) आर्थिक वर्ष २०७६।०७७ को नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८८,२६,७०,०००।- (अक्षेरुपी अठासी करोड छब्बीस लाख सत्तरी हजार रुपैयाँमात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त कावासोती नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

# कावासोती नगरपालिका

## आय तथा व्ययको प्रक्षेपण

अनुसूची १

**आ.व. : २०७६/७७**

**रु. हजारमा**

| शीर्षक | आ.व. २०७६/७७ को अनुमान |
|---|---|
| राजस्व | ७५,५६,७० |
| आन्तरिक श्रोत | ५,४२,९९ |
| ११३१३ एकीकृत सम्पती कर | २,००,०० |
| ११३२१ घरवहाल कर | ३५,०० |
| ११३२२ वहाल विटौरी कर | २०,०० |
| ११६९१ अन्य कर | ५,०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १,०० |
| १४१९१ पर्यटन शुल्क | ३,०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ७,२५ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३,०० |
| १४२४२ नक्सापास दस्तुर | ३५,०० |
| १४२४३ सिफारिश दस्तुर | १,००,०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ८,०० |
| १४२४९ अन्य दस्तुर | २,०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १,०० |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | १,००,०० |

| | |
|---|---|
| १४६११ व्यवसाय कर | २१,७४ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | २२,०५,२५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | १,२०,२५ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर [राजस्व बाँडफाँड – अन्य] | २,७५,०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी [राजस्व बाँडफाँड – अन्य] | १५,०० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी [राजस्व बाँडफाँड – अन्य] | ६,००,०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ८,३६,५० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क [राजस्व बाँडफाँड - संघीय सरकार] | ३,५८,५० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४५,१०,२० |
| संघीय सरकार | ४३,८०,०० |
| १३३११ समानिकरण अनुदान | १७,१०,०० |
| १३३१२ शसर्त अनुदान चालु | २६,२५,०० |
| १३३१९ अन्य अनुदान पुंजीगत | ४५,०० |
| प्रदेश सरकार | १,३०,२० |
| १३३११ समानिकरण अनुदान | १,३०,२० |
| वित्तीय व्यवस्था (प्राप्ति) | ० |
| अन्य आय | |
| जनसहभागिता | २,९८,२५ |
| नगद | २,९८,२५ |
| | |
| व्यय | ४९,३१,७० |
| चालु खर्च | १५,७३,९४ |
| २११११ पारिश्रमिक कर्मचारी | २,५०,०० |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,३८,०० |

| | |
|---|---|
| २११२१ पोशाक | ११,०० |
| २११३२ महंगी भत्ता | १६,०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५,०० |
| २११३९ अन्य भत्ता | २,५५ |
| २१२१४ कर्मचारी कल्याण कोष | १०,०० |
| २२१११ पानी तथा बिजुली | १२,२५ |
| २२११२ संचार महसुल | ७,२५ |
| २२२११ इन्धन (पदाधिकारी) | ११,२५ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ९,४० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ८,४० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १३,४० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १५,४० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३३,५० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १,०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,३५ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २१,४० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ८५,९५ |
| २२४११ सेवा र परामर्श खर्च | ७,०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २८,०० |
| २२४१३ करार सेवा शुल्क | १,००,०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ५,०० |
| २२४१९ अन्य सेवा शुल्क | ५,०० |
| २२५११ कर्मचारी तालिम खर्च | ४,८६ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,६८ |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,५१ |
| २२५२२ कार्यक्रम खर्च | ४,४४,६७ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ६,४० |

| | |
|---|---|
| २२६१२ भ्रमण खर्च | ७,०० |
| २२७११ विविध खर्च | ३६,२० |
| २२७२१ सभा सञ्चालन खर्च | ११,०० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ५,०० |
| २५३१५ अन्य सस्था सहायता | १४,०० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | १०,०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १,०० |
| २७२११ छात्रवृत्ति | ३,०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २०,०० |
| २७२१३ औषधीखरिद खर्च | १०,०० |
| २८१४२ घरभाडा | २५,०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १,०० |
| २८२११ राजस्व फिर्ता | १,५०,०० |
| २८२१९ अन्य फिर्ता | २,५० |
| २८९११ भैपरी आउने चालु खर्च | २०,०० |
| पूंजीगत खर्च | ३३,५७,७६ |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | ५,०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ६,३६,०० |
| ३११२२ मेशिनरी तथा औजार | ३,०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ६,२५ |
| ३११५१ सडक तथा पूल निर्माण | १२,१३,७२ |
| ३११५३ विद्युत संरचना निर्माण | ४६,९६ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | १,०६,१७ |
| ३११५५ सिंचाई संरचना निर्माण | ९२,४७ |
| ३११५६ खानेपानी संरचना निर्माण | १६,९८ |
| ३११५७ वन तथा वातावरण संरक्षण | १८,४० |
| ३११५८ सरसफाई संरचना निर्माण | १७,७० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ८,००,१० |

| | |
|---|---|
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,०० |
| ३१५११ भैपरी आउने पूँजीगत | ३,७५,०० |
| अख्तियारि मार्फत प्राप्त हुने जम्मा | ३८,९५,०० |
| सशर्त अनुदान अन्तर्गतका कार्यक्रम | २६,२५,०० |
| सामाजिक सुरक्षा कार्यक्रम | ९,५०,०० |
| बहुक्षेत्रिय पोषण कार्यक्रम | १७,०० |
| गरिवसँग विशेश्वर कार्यक्रम | ३,०० |
| स्थानीय पूर्वाधार विकास कार्यक्रम | ३,००,०० |